nepalpostdaily .com

# नेपाल पोष्ट डेली

दैनिक

25°C । वर्ष :११, अंक : १७ पृष्ठ ४ । बुधबार, १८ भदौ २०८२ । WEDNESDAY, SEPTEMBER 03, 2025 .nepalpostdaily.com । मुल्य ५ रुपैंया

## बीरगन्जमा खानेपानी मन्त्री यादवको पक्षमा प्रदर्शन



**नेपाल पोष्ट संवदाता**

***बीरगन्ज,१७ भदौ ।***

पानीको समस्या र हैजाको प्रकोपबारे खानेपानी मन्त्री प्रदीप यादवसँग फोनमा गुनासो गर्ने एक युवतीलाई पक्राउ गरिएको विषयलाई लिएर मन्त्रीका समर्थकहरूले आज वीरगन्जमा प्रदर्शन गरेका छन् । महिलाका समूहले जिल्ला प्रहरी कार्यालय पर्सा अगाडि जम्मा भएर युवती किरण साहलाई कारबाहीको माग गर्दै नाराबाजी गरेका हुन् । हैजा नियन्त्रणबाहिर रहेको गुनासो गर्दै कडा शब्दमा प्रश्न सोधेको अडियो सार्वजनिक भएपछि किरणलाई विद्युतीय अपराध र ज्यान मार्ने धम्की दिएको अभियोगमा पक्राउ गरिएको छ। यसैको विरोधमा सोमबार पीडित पक्षले किरणको रिहाइको माग गर्दै प्रदर्शन गरेका थिए ।यसको जवाफमा आज मन्त्रीका समर्थकहरू सडकमा उत्रिएका हुन् । प्रदर्शनकारीले किरणले पानीको अभावको समयमा सहयोग गरेका नेताहरूलाई धम्की दिएको आरोप लगाएका छन् । नेपाल खानेपानी संस्थानका सदस्य सल्मा खातुन र मधुमाला यादव लगायतका नेताहरूको अगुवाइमा प्रदर्शन भएको

बाँकी तेश्रो पृष्ठमा⇨

## मधेश प्रदेश सरकारको नेतृत्व गर्ने पालो आएको छ

***जनकपुर,१७ भदौ ।***



लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) का अध्यक्ष महन्थ ठाकुरले मधेश प्रदेशमा अब सरकार बनाउने पालो हाम्रो पार्टीको आएको बताउनुभएको छ । मधेश प्रदेशमा मधेशी दलहरूले साढे सात वर्षदेखि सरकारको नेतृत्व गरिसकेकोले अब नेतृत्व गर्ने पालो हाम्रो भएको उहाँले बताउनुभएको हो । राजविराजमा मङ्गलबार लोसपा सप्तरीले आयोजना गरेको पत्रकार सम्मेलनमा बोल्नुहुँदै अध्यक्ष ठाकुरले सात प्रदेश मध्ये तीन कांग्रेस, तीन एमालेले लिने र मधेश प्रदेश मधेशी दलहरूलाई दिने केन्द्रमा भएको सत्ता गठबन्धनबिचको सहमति अनुसार यो प्रदेशमा मधेशी दलले नै सरकार बनाउने हुँदा अब नेतृत्व गर्ने पालो लोसपाको रहेको दाबी गर्नुभयो । "मधेश प्रदेशमा कांग्रेस-एमाले दुई ठुला दल मिलेर पनि सरकार बन्ने स्थिति छैन, मधेशी दलको पनि साथ चाहिन्छ र मधेशी दलहरूले नेतृत्व गरिसकेको छ त्यसैले अबको पालो हाम्रो हो" अध्यक्ष ठाकुरले भन्नुभयो, "अहिले तत्कालै मधेश प्रदेशमा सरकार परिवर्तनको सम्भावना छैन्, तर, रूपन्देहीको उप-चुनाव पछि परिवर्तनको सम्भावना छ ।" उहाँले केन्द्रमा दुई ठुला दलको बहुमतको सरकार रहेकोले २०८४ सम्म चल्ने बताउनु हुँदै लोसपा सरकारमा रहेरै जनताको पक्षमा काम गर्ने स्पष्ट पार्नुभयो । सरकारमै रहेर शान्तिपुर्ण आन्दोलनमा पनि रहेको बताउनु हुँदै उहाँले अन्नको भण्डार मधेशमा भएको खडेरी र खानेपनी समस्याबारे सरकार र सदनमा पनि आवाज उठाउने काम आफूले गरिरहेको जानकारी दिनुभयो । प्रधानमन्त्रीसँगै आफुपनि मधेशको सुख्खाग्रस्त क्षेत्रको अवलोकन गरेको भन्दै उहाँले प्रधानमन्त्रीले पाँचसय डिप बोरिङ दिने घोषणा गरेर पनि अहिलेसम्म नदिएको प्रति असंतुष्टि पोख्नुभयो । सप्तरीका राजविराजमा बुधबार आयोजना हुने सङ्घीय लोकतान्त्रिक मोर्चाको कार्यक्रममा सहभागि हुन आइपुग्नुभएका अध्यक्ष ठाकुरले विगतमा भएको आन्दोलनबाट पहिचान पाएको तर अधिकार नपाएकोले मोर्चा बनाएर जनताबिच गइरहेको स्पष्ट पार्नुभयो । जनसङ्ख्याको आधारमा बजेट निर्माण हुनुपर्ने भन्दै अध्यक्ष ठाकुरले मधेश प्रदेश बाट जाने राजस्वको कम्तिमा पनि ३५ प्रतिशत पाउनुपर्ने धारणा राख्नुभयो ।

## बीरगन्जमा दलित विद्यार्थीका लागि दलित छात्रावास निर्माण गर्ने मेयर सिंहको घोषणा

**नेपाल पोष्ट संवदाता**

***बीरगन्ज,१७ भदौ ।***



वीरगन्ज महानगरपालिकाका मेयर राजेशमान सिंहले वीरगन्जमा अध्यनरत दलित विद्यार्थीहरुका लागि महानगरवालिकाले दलित छात्रावास निर्माण गर्ने घोषणा गरेका छन् ।वीरगन्जमा नेपाल पासवान संघ पर्साले आयोजना गरेको बृहत पासवान भेलालाई सम्बोधन गर्दै मेयर सिंहले दलित विद्यार्थीहरूको आवासीय समस्या समाधान गर्न महानगरपालिकाले यहि वर्षमा दलित छात्रावास निर्माण गर्ने बताए । उनले दलित विद्यार्थीहरूको शैक्षिक यात्रामा सहजता ल्याउन छात्रावास आवश्यक भएको बताए । मेयर सिंहले दलितहरूको अवस्था सुधार नआउनुमा आंशिक कारण दलित स्वयं र दलित अगुवाहरू पनि रहेको टिप्पणी गरे ।उनले भने,'कानूनले दिएको अधिकारका सवालमा दलित अगुवाहरुले नै बोल्न नसक्नु र अवसरवादी भूमिकामात्र लिन खोज्नु कमजोरी हो । भेलामा भारतको अल इन्डिया पासवान एकता मञ्चका अध्यक्ष निरञ्जन पासवानले नेपाल-भारतबीचको ऐतिहासिक मित्रता जस्तै नेपाल र भारतका पासवान जातिबीचको आपसी सम्बन्धलाई मजबुत बनाउनुपर्नेमा जोड दिए । नेपाल पासवान संघ पर्साका अध्यक्ष प्रभु पासवानको अध्यक्षतामा आयोजित भेलामा मञ्चका महासचिव डा. वीरेन्द्र पासवान, चौहरमल राष्ट्रिय परिषद मुकामका अध्यक्ष राजकुमार पासवान, धर्मेन्द्र पासवान, नेपाल पासवान संघ बाराका अध्यक्ष राजदेव पासवान, दलित संघर्ष समिति बाराका अध्यक्ष शिवदयाल पासवान, रौतहटका मटुक पासवान, नरेन्द्र पासवान, कलाकार प्रीति पासवानलगायतले मन्तव्य व्यक्त गरेका थिए ।

## बीरगन्ज भन्सार कार्यालयमा दर्जा नखुलेका ५० भन्दा बढी कर्मचारी कार्यरत

**नेपाल पोष्ट संवदाता**

***बीरगन्ज,१७ भदौ ।***




बीरगन्ज भन्सार कार्यालयमा दर्जा र शाखा स्पष्ट नभएका दर्जनौं कर्मचारीहरू कार्यरत रहेको तथ्य सार्वजनिक भएको छ। भन्सार कार्यालयको वेबसाइटमा सहसचिवदेखि अधिकृत तहसम्मका केही कर्मचारीहरूको नाम र दर्जा खुलाइएको भए पनि धेरैजसो कर्मचारीको दर्जा र कार्यक्षेत्र (शाखा) नखुलाइएको पाइएको हो । भन्सार कार्यालयका प्रमुख विष्णु प्रसाद ज्ञवालीका अनुसार कार्यालयमा एकजना सहसचिव, तीनजना उपसचिव, २० जना अधिकृत र ३० जना सुब्बाको दरबन्दी छ। तर, वेबसाइटमा सहसचिव, उपसचिव, भन्सार अधिकृत, कम्प्युटर अधिकृत, लेखा अधिकृत र एकजना केमिष्टबाहेक अन्य कर्मचारीको विवरण अस्पष्ट देखिन्छ। विशेषगरी खरीदारभन्दा तल तहका ५० भन्दा बढी कर्मचारीको नाम त देखिन्छ, तर न त उनीहरूको पद (दर्जा) उल्लेख गरिएको छ, न त कुन शाखामा कार्यरत छन् भन्ने जानकारी । कार्यालयका कर्मचारीहरूकै अनुसार यीमध्ये धेरैजसो कर्मचारी चालक र कार्यालय सहयोगी हुन्, तर दर्जा नखुलाउने अभ्यासले पारदर्शितामाथि प्रश्न उठाएको छ । भन्सार स्रोतका अनुसार, करार र दैनिक ज्यालादारीमा भर्ना गरिने अधिकांश कर्मचारीहरू स्थायी कर्मचारीहरुकै आफन्त, नातेदार वा निकटस्थ हुन् । अधिकृत तहका कर्मचारीहरू सरुवा भएर आएसँगै आफ्नो अनुकुलका व्यक्तिलाई कार्यालयमा भर्ना गराउने परिपाटी रहेको खुलेको छ । एक अधिकारीका अनुसार, "भन्सार कार्यालयमा अधिकतम पहुँच भएका कर्मचारीहरू मात्र सरुवा भएर आउने गर्छन् । उनीहरू आफ्नो गोपनीयता सुरक्षित गर्न, व्यक्तिगत सुविधा मिलाउने उद्देश्यले सहयोगी, चालकलगायतका कर्मचारीहरू छनोट गर्दछन् ।" स्रोतका अनुसार, केही कार्यकक्षहरूमा एकजना कर्मचारीलाई तीनजना कार्यालय सहयोगी राखिएको छ । यसले कार्य दक्षता भन्दा बढी निजी सुविधा र गोपनीयता सुरक्षित गर्ने प्रवृत्ति देखाउँछ । राजनीतिक पहुँच भएका व्यक्तिहरूको दबाबमा भन्सारमा विशेष गरी अधिकृत तहमा स्वार्थ मिलाएर कर्मचारी राखिने गरिएको छ । तल्लो तहका कर्मचारीहरूमा पनि उही पहुँचका आधारमा छनोट हुने गरेको पाइएको छ । पारदर्शिता र जवाफदेहिता कायम गर्नुपर्ने सरकारी निकायमा यस्तो अपारदर्शी अभ्यासले सरकारी सेवा प्रणालीमाथि नै गम्भीर प्रश्न उठाएको छ । यथाशीघ्र कर्मचारी विवरण सार्वजनिक पार्ने र भर्ना प्रक्रियामा पारदर्शिता ल्याउने मागसमेत सरोकारवालाहरूले उठाएका छन् ।

## बारामा सिचाइका कृषि मोटरमा करेन्ट लागेर ४ दिनमा ३ जनाको मृत्यु

**नेपाल पोष्ट संवदाता**

***बीरगन्ज,१७ भदौ ।***



पछिल्ला केही वर्षयता बारामा सिँचाइका लागि कृषि मोटरको प्रयोग बढ्दै गएको छ । तर, सावधानी नअपनाउँदा यो सुविधा ज्यानमारा बन्दै गएको छ । पछिल्लो चार दिनको अवधिमा मात्रै करेन्ट लागेर दुई महिलासहित तीन जनाको मृत्यु भएको छ । जिल्ला प्रहरी कार्यालय बाराका अनुसार, गत शुक्रबार करेन्ट लागेर सिम्रौनगढ नगरपालिका-७, झवानी टोलकी ४५ वर्षीया कैलसिया देवी रामको मृत्यु भएको थियो । खेतमा काम गरिरहेका बेला बिग्रिएको विद्युतीय तारबाट करेन्ट चुहावट भएर उहाँको घटनास्थलमै मृत्यु भएको हो। त्यस्तै, बिहीबार सिम्रौनगढ नगरपालिका-२, अमृतगञ्जका ६५ वर्षीय रामेशवर महतो कुशवाहाको पनि करेन्ट लागेर मृत्यु भएको थियो । यसैगरी, आइतबार दिउँसो घाँस काट्ने क्रममा करेन्ट लागेर सिम्रौनगढ नगरपालिका-९, कचोर्वाकी ५० वर्षीया अनिता देवी यादवको मृत्यु भएको छ । उहाँले घाँस काट्ने हँसियाले खेतमा पानी हाल्न जडान गरिएको विद्युतीय मोटरको तार काट्दा करेन्ट लागेर घटनास्थलमै मृत्यु भएको प्रहरीले जनाएको छ । मृत्यु भएका तीनै जनाको पोस्टमार्टम प्रादेशिक अस्पताल कलैयामा गरिएको थियो । जिल्ला प्रहरी कार्यालयका अनुसार, बारामा प्रत्येक वर्ष कृषि मोटरबाट करेन्ट लागेर एक दर्जनजति मानिसको ज्यान जाने गरेको छ। विद्युत लाइनको प्रयोगमा सावधानी नअपनाउँदा यस्ता दुर्घटना बढिरहेको बताइएको छ ।

## कलैयामा हैजा रोकथामका लागि जनचेतनामूलक र्‍याली

***बीरगन्ज,१७ भदौ ।***

बीरगन्जमा देखिएको हैजाको जोखिमलाई ध्यानमा राख्दै बाराको कलैयामा जनचेतनामूलक कार्यक्रम आयोजना गरिएको छ । आज (मंगलबार) ज्ञानदीप बोर्डिङ स्कुलको आयोजनामा हैजा रोकथाम र सचेतना अभिवृद्धि गर्ने उद्देश्यले र्‍याली निकालिएको हो । विद्यालय प्राङ्गणबाट सुरु भएको र्‍यालीले नगरका विभिन्न स्थानको परिक्रमा गरेको थियो । र्‍यालीमा सहभागी विद्यार्थीहरूले प्लेकार्ड बोकेर "स्वच्छ पानी पिउनुहोस्, सरसफाइमा ध्यान दिनुहोस्, हैजाबाट जोगिनुहोस" जस्ता सन्देशहरू दिएका थिए। उनीहरूले उमालेको वा फिल्टर गरेको पानी पिउने, व्यक्तिगत र वातावरणीय सरसफाइमा ध्यान दिने, शौचालयको सही प्रयोग गर्ने, साबुन पानीले हात धुने र हैजाका लक्षण देखिएमा तत्काल स्वास्थ्य संस्थामा सम्पर्क गर्नुपर्नेजस्ता व्यवहारिक सुझावहरू दिएका थिए । यस किसिमको जनचेतनामूलक कार्यक्रमले हैजाजस्ता सरुवा रोगको रोकथाममा सहयोग पुग्ने विश्वास गरिएको छ ।

## नेपाल पोष्ट डेलीका लागि

| | |
|---|---|
| प्रकाशक | :- नेपाल पोष्ट मिडिया प्रा.लि. |
| सम्पादक | :- मनोज पटेल |
| कार्यकारी सम्पादक | :- संतोष साह |
| सह-सम्पादक | :- सरोज पटेल |
| सम्पर्क कार्यालय | :- वीरगञ्ज महानगरपालिका पर्सा,नेपाल |
| मुद्रक | :- कोमल प्रिन्टिङ्ग प्रेस,वीरगंज-१२,पर्सा |

Email: nepalpostdaily@gmail .com
Facebook: www .facebook .com/nepalpostdaily
सम्पर्क नम्बर :- ९८४५३७६६९,०५१-५२००४०



## सम्पादकीय

# सैन्य नीति अस्वीकार

नेपालको पहिचान हो- कहिल्यै कुनै पनि शक्ति राष्ट्रको पक्षमा लागेन । असंलग्न परराष्ट्र नीतिमा अडिग रह्यो र आफ्नो बुझाइ-क्षमताअनुसार हरेक विश्व घटनाको व्यख्या गर्‍यो र सधैं शन्तिका पक्षमा उभियो । नेपालको यस्तो पहिचान बदल्ने प्रयासमा भने शक्ति राष्ट्र निरन्तर रहेका छन् । हालै चीनले आफूले अघि सारेको सुरक्षासम्बन्धी अवधारणा 'ग्लोबल सेक्युरिटी इनिसिएटिभ' (जिएसआई)मा नेपालले समर्थन गरेको भनेर विश्वसामु भनेको छ । चीनको परराष्ट्र मन्त्रालयको विज्ञप्तिमा नेपालले जीएसआईलाई समर्थन गरेको उल्लेख छ । नेपालका प्रधानमन्त्री केपी शर्मा ओली चीन भ्रमणमै छन् । यहीबेला यस्तो विषय बाहिरिनुले शंका उब्जाएको छ । भलै नेपालका तर्फबाट जिएसआईलाई समर्थन नगरेको प्रस्ट्याउने कार्य भएको छ । यसबारे नेपालका तर्फबाट आधिकारिक रूपका बोल्ने काम भने भएको छैन । सैन्य रणनीति हरेक देशको फरकफरक हुन्छ । कुनै शक्ति राष्ट्रले विश्वव्यापी रूपमा आफूलाई बलियो बनाउन यस्तो नीति बनाउन सक्छन् । त्यस्तोमा नेपालजस्तो देश जो कहिल्यै कसैको पक्षमा उभिएन र आफ्नो निर्णय गर्दै अगाडि बढ्यो यस्तो देशका लागि अरू देशका सैन्य नीति स्वीकार हुन सक्दैन । तर नेपाललाई अनेक नाममा आफ्नो पक्षमा पार्ने प्रयासमा छन् । कहिले मिलेनियम च्यालेन्ज कर्पोरेसन (एमसिसि)का रूपमा नेपाललाई पक्षधर बनाउने प्रयास भएको छ । कहिले अमेरिकी स्टेट पार्टनरसिप प्रोग्राम (एसपिपी)का नाममा नेपाललाई आफ्नो कित्तामा उभ्याउने प्रयास भएको छ । यस्ता प्रस्ताव गरिबी, वातावरण परिवर्तनजस्ता विषय जोडिएर अगाडि बढ्छन र सैन्य नीतिमा संलग्नतासँग जोडिन पुग्छन् । विश्वव्यापी गरिबीसँग जुध्न विभिन्न मुलुकमा आर्थिक अनुदान उपलब्ध गराउन भनेर अमेरिकाले वैदेशिक सहायता एजेन्सी एमसिसी खडा गरेको हो । यो सैन्य रणनीति हो वा होइन भन्ने अस्पष्टताबीच नेपालले एमसिसीको सहायता स्वीकार गरेको छ । यो स्वीकार गर्ने र नगर्ने विषयले तत्कालीन नेपाल कम्युनिस्ट पार्टी (नेकपा) विभाजन हुन पुग्यो । पछि नेपालले एकतर्फी रूपमा व्याख्यात्मक टिप्पणी गरेर स्वीकार गर्ने निर्णय गर्‍यो । एमसिसीको विषय सेलाउन नपाउँदै एसपिपीको विषय अगाडि आयो तर नेपालले स्वीकार गरेन । यहीबेला अर्को शक्ति राष्ट्र चीनले जिएसआईमा नेपालले समर्थन गरेको विषय विश्वसामु पुर्‍याएको हो । मुलुकको नेतृत्व गरेका व्यक्ति निश्चित समयका मात्रै नेता होइनन् । मुलुकको हजारौं वर्षको इतिहाससँग सचेत भए मात्रै वर्तमानमा सही काम हुन्छ ।

# हृदयाघात हो कि होइन, अलमल गर्दा जान्छ ज्यान

**डा. राजेन्द्र कोजु**



पहिलो पटक इन्डोनेसियाको पर्यटकीय सहर बाली पुगें । पुगेकै बेलुकी कार्यक्रम थियो । बस्ने पनि त्यहीँ व्यवस्था गरिएको थियो । समुद्री किनारको पर्यटकीय स्थल हेर्दै मनमोहक थियो । बेलुकी समुद्री तटमा खुब हिँडियो । दुईदिने एउटा कार्यक्रममा सहभागी हुन म बाली पुगेको थिएँ । 'हृदयाघात हुँदा तुरुन्तै एन्जियोप्लास्टी' का बारेमा आ-आफ्नो अनुभव, नयाँ उपलब्धि, समस्या समाधानका उपायबारे त्यहाँ छलफल थियो । कार्यक्रममा एसियाबाट जापान, सिंगापुरदेखि बंगलादेश र नेपालसम्मका प्रतिनिधि जम्मा भएका थियौं । कोरिया, थाइल्यान्ड, चीन र मलेसियाबाट पनि प्रतिनिधिहरू आएका थिए । एसियामा यस्तो कार्यक्रम हुनु पक्कै पनि खुसीको कुरा थियो । धेरैजसो चिकित्सा क्षेत्रको वस्तुस्थितिको तथ्यांक, उपलब्धि, चुनौती आदि पश्चिमा देशको मात्र पढ्ने र छलफल गर्ने गरिन्छ । तर, कहिलेकाहीँ उताका सबै कुरा हाम्रो पूर्वीय समाजमा ठ्याक्कै मिल्दैनन् । वंशाणु, हावापानी, रहनसहन, शारीरिक बनावट, खानपान धेरै कुराले शारीरिक समस्यामा पनि उल्लेखनीय असर पारेको हुन्छ । तसर्थ, हाम्रै पूर्वीय समाजको मात्र छलफल गर्नु अति आवश्यक छ । एक जना इन्डोनेसियाका वरिष्ठ मुटुरोग विशेषज्ञले बाली, जकार्ताभन्दा टाढाको अस्पतालमा एन्जियोप्लास्टी गर्दाको अनुभव सुनाए । जुन ज्यादै महत्त्वपूर्ण पनि लाग्यो । एक जना ६० वर्ष नाघेका पुरुष छातीको पीडा भएर प्राथमिक स्वास्थ्य केन्द्र पुगेका रहेछन् । जाँचपडतालपछि मुटुको समस्या भएको शंका गरेर माथिल्लो अस्पतालमा पठाइयो । अर्को अस्पतालमा हृदयाघातको पक्का गरेपछि केही आवश्यक उपचार गरेर हृदयाघातको विशेष उपचार हुन सक्ने अस्पताल भनी उनी कार्यरत अस्पतालमा पठाइएको रहेछ । उनलाई छातीको पीडा सुरु भएको १२ घण्टाभन्दा धेरै भइसकेको थियो । तैपनि, तुरुन्तै एन्जियोग्राम गरेर हेरे, मुटुलाई रक्तसञ्चार गर्ने एउटा धमनी पूरै बन्द थियो । एन्जियोप्लास्टी गरेर खोलिदिए । राम्रो भयो । यही छातीको पीडा पश्चिमा राष्ट्रमा भए केही घण्टामै उपचार सम्भव हुन सक्थ्यो । जापान, सिंगापुरमा पनि छिट्टै सम्भव छ । हाम्रोमा भने ज्यादै ढिलो हुन्छ । उनका कुरा सुन्दै गर्दा म सम्झिँदै थिएँ- हाम्रा अस्पतालमा आउने हृदयाघातका बिरामी पनि त समय लगाएरै आउँछन् । भौगोलिक बनावट, बाटोघाटोको असुविधा, प्राथमिक स्वास्थ्य केन्द्र एवं अस्पतालको सुविधाको स्तर आदि इत्यादि सबै कारणले ढिलो उपचार भइरहेको छ । त्यसमाथि अझै छातीको पीडा हृदयाघातले होला र भन्ने शंका-उपशंकामा अलमल र जनचेतनाको अभाव पनि छ । त्यसका साथसाथै हृदयरोगबारेको जागरणले पछिल्लो समय हाम्रा अस्पतालमा आइपुग्नेको संख्या पनि उल्लेखनीय रूपमा बढ्नुका साथै छिट्टै ल्याइपुर्‍याउन पनि थालिएको छ । उपचार निकै राम्रो हुँदै गएको छ । मैले पनि त्यहाँ आफ्नो अनुभव सुनाएँ, केही प्रश्नका साथ सुझाव पनि दिएँ । यहाँनिर बुझ्नुपर्ने कुरा के छ भने हृदयाघात भएको अवस्थामा जति सक्दो छिट्टो उपचार सुरु गर्नुपर्छ । एन्जियोप्लास्टी त दुई घण्टाभित्र गर्न पाए अति उत्तम, ६ घण्टाभित्र गर्न पाए पनि उत्तम, १२ घण्टाभित्र गर्न पाए पनि फाइदाजनक नै हुन सक्छ । धेरैजसो हृदयाघातमा तुरुन्तै एन्जियोप्लास्टी गर्दा मृत्युबाट बचाउनुका साथै अरू थुप्रै जटिलताबाट पनि बचाउन सकिन्छ । हृदयाघातका बिरामीको हरेक आधा घण्टा ढिलो उपचारले एक वर्षको आयु घटाउँदै लाने तथ्यांकले देखाउँछन् । भन्नुको मतलब हृदयाघात भएको आधी घण्टा ढिलो उपचार गर्दाभन्दा आधी घण्टा छिटो उपचार गर्न पाउँदा एक वर्ष बढी बाँचेको पाइन्छ । हृदय चिकित्सामा भनाइ नै छ- मिनेट भनेकै मांसपेशी हो । यानि कि हृदयाघात भएका व्यक्तिको हरेक मिनेटमा मुटुको मांसपेशी मर्दै जाने प्रक्रिया निरन्तर हुन्छ । जति सक्दो छिटो उपचारले यो प्रक्रिया रोकेर मुटुको मांसपेशीलाई बचाउन सकिन्छ । त्यसैले समयमै हृदयाघात थाहा पाएर छिटो उपचार गर्न सक्यौं भने मांसपेशी, मुटु र मानवलाई नै बचाई राम्रो गर्न सकिन्छ । जति ढिलो भयो, त्यति नै जोखिम, जटिलता बढ्दै मृत्युको मुखसम्म पुग्न सकिन्छ । मैले ती प्रस्तुतकर्तालाई सोधें- तपाईंको बिरामीले अति आवश्यक रगत पातलो गर्नेलगायत औषधि नियमित सेवन गरेको कसरी पक्का गर्नु हुन्छ त ? ग्रामीण भेगको व्यक्तिमा हृदयाघात हुँदा उसले प्राथमिक स्वास्थ्य केन्द्रमै फलोअप गर्ने बताए । सो व्यक्ति नियमित उनैकोमा आउने-नआउने पक्का नभएको पनि उनले स्वीकार गरे । एकदम महत्त्वपूर्ण कुरा एन्जियोप्लास्टी गरिसकेका व्यक्तिले हृदयरोग विशेषज्ञले दिएको कुनै पनि औषधि आफूखुसी रोक्न मिल्दैन । यसले खोलिसकेको रक्तनली पुन: बन्द हुन सक्छ । एन्जियोप्लास्टी गर्दा राखिएको स्टेन्ट (जाली) फेरि बन्द नहोस् भनेर दुई थरीको रगत पातलो हुने औषधि दिइन्छ- एक वर्षका लागि । एक वर्षपछि एउटा घटाइन्छ, अर्को निरन्तर खाइरहनुपर्छ । कथंकदाचित रक्तस्राव हुने साइडइफेक्ट देखियो भने तुरुन्तै मुटुरोग विशेषज्ञलाई देखाइहाल्नुपर्छ । यसका साथै चिल्लो

बाँकी तेश्रो पृष्ठमा⇨

# संघीयताको अर्थराजनीति

**सोमत घिमिरे**

लामो संघर्षपछि नेपाली राजनीतिले बाटो फेर्‍यो । संघीयता, गणतन्त्र, समावेशिता र धर्मनिरपेक्षता संवैधानिक रूपमा स्थापित भयो । यी सबै कुनै कागतालीले भएको थिएन । लामो समय नागरिकको आकांक्षाका रूपमा रहेको विषय स्थापित भएको थियो । अहिले चारै विषयलाई विवादमा पार्न खोजिएको छ । कसले विवादमा पार्न खोज्दै ? किन खोज्दै छ ? गहिरो रचनात्मक छलफलमा हामी प्रवेश गरेका छैनौं । संघीयतालाई खर्चिलो राज्य व्यवस्थाका रूपमा चित्रित गरेर राज्यले धान्नै नसक्ने भन्ने स्वर बढाइएको छ । गणतन्त्रपछि झन् भद्रगोल भयो भनेर राजतन्त्रको वकालत गरिएको छ । राजनीतिक स्थिरता नहुनुमा समावेशितालाई दोष दिइएको छ । धर्मनिरपेक्षले धर्म परिवर्तनलाई मद्दत गर्‍यो भन्ने भाष्य बनाउन खोजिएको छ । के हाम्रो राजनीति आजभन्दा हिजो प्रगतिशील थियो ? त्यो हुँदै होइन । अहिलेको राज्य व्यवस्थाले जति गर्नुपर्ने थियो, त्यो नगरेको हो । हिजोभन्दा आज हामी अगाडि बढेकै हौं । किन यस्ता भाष्यहरू बन्दै छन् ? यो ठूलो खोजबिनको विषय छ ।

**राज्य सञ्चालनमा राज्य कि नागरिकको खर्च** सर्वप्रथम संघीताको चर्चा गरौं । प्रदेशका कारणले संघीयता महँगो भएको र धान्नै नसकिने जस्तो गरिएको छ । प्रदेशले आखिर जम्मा १० प्रतिशत मात्रै खर्च गर्छ । प्रदेश संघीयताको मर्मअनुसार कामकाजी हुन सकेको छैन भन्ने सत्य हो । तर प्रदेशकै कारणले संघीयताको अवधारणामाथि प्रश्न उठाउनु नाजायज कुरा हो । कुनै मधेशी नेताले संघीयता खर्चिलो भयो भनेर भन्दैन । कुनै जनजाति बौद्धिक वा नेताले संघीयता खर्चिलो भयो भनेर भन्दैन । कुनै दलित नेता वा बौद्धिकले संघीयताको खर्चको कुरा गर्दैन । बरु सुदृढीकरणको कुरा गर्छ । त्यसो हो भने संघीयता खर्चिलो भयो भनेर कसले भनेको छ ? जो हिजो राजाको छाता ओढेर केन्द्रीकृत शासन व्यवस्थामाथि रजगज गरेको थियो । जसले समानुपातिक र समावेशिताको अर्थ नराखी राज्यलाई एकछत्र कब्जा गरेको थियो । जसले हिन्दु धर्मका आडमा शासकीय आडम्बर देखाउन पाएको थियो । स्पष्ट छ, जसले संघीयता खर्चिलो भयो भनेको छ, ऊ संघीयतालाई निसानी बनाएर समानुपातिकतालाई पनि सिकार गर्न चाहन्छ । संघीयता खर्चिलो भयो भन्ने जतातत‍ै सुनिन्छ, किन ? नेपालको ज्ञान निर्माणको प्रक्रियामा अत्यन्तै थोरै मान्छेहरूको मात्रै पकड भयो । दैनिक रूपमा आज जो बोल्दछन्, ती अधिकांश हिजोको सत्ताबाट प्रत्यक्ष वा परोक्ष लाभमा थिए । आफूले व्यहोर्नुपरेको हानिलाई स्विकार्न कसैले पनि सक्दैन । त्यसलाई राजनीतिक रूप दिइएर यी मुद्दा उठाइएको छ । हिजो राजा महेन्द्रको गमलामा हुर्काइएका बुद्धिजीवीहरू आज पनि दृष्टिकोण निर्माणमा काम गरिरहेका छन् । उनीहरू नै जान्ने जस्ता देखिन्छन् । उनीहरूलाई नै आधार मानेर संघीयता महँगो भयो भनेर भनिएको छ । मधेश प्रदेशको नामकरण गरेर ठूलो संख्यामा मधेशी समुदायको आत्मसम्मान स्विकारिएको छ । त्यसको मूल्य कति होला ? आदिवासी जनजाति समुदायको आत्मसम्मान र पहिचानको दिशा एक हदसम्म सोझिएको छ । त्यसको मूल्य कति होला ? वर्षौंदेखि नेपाली हुन रोकिएका मधेशी समुदायको नेपाली हुने यात्रा सुरु भएको छ, त्यसको मूल्य कति होला ? व्यवहारमा हिन्दु धर्मको अभ्यास गरे पनि सैद्धान्तिक रूपमा धर्मनिरपेक्षता फराकिलो हुँदै छ । आदिवासी जनजाति समुदायले आफ्ना भाषा, संस्कृतिमा रमाउन पाउँदा त्यसको मूल्य कति होला ? गाउँगाउँमा स्थानीय सरकारहरूले शिक्षा, स्वास्थ्यमा प्राथमिकताका साथ काम गरिरहेका छन् । हिजो स्वास्थ्य चौकी जान दुई दिन लाग्ने व्यक्तिहरूले आज आफ्नै पालिकाको अस्पतालमा उपचार पाउने स्थिति बनेको छ, त्यसको मूल्य कति होला ? अर्थशास्त्रभित्र यसको मूल्य छैन होला । तर बृहत् राजनीतिक परिवेशमा यसको मूल्य ठूलो छ । हिजोसम्म संसद्मा विरलै महिलाहरू पुग्थे, आज ३३ प्रतिशत पुगेका छन् । ५० प्रतिशत पुर्‍याउन त बाँकी छ । तर ३३ प्रतिशत सांसदको मूल्य कति होला ? प्रत्येक पालिकामा मेयर, अध्यक्ष वा उपाध्यक्ष, उपमेयर महिला छन्, तिनको मूल्य कति होला ? अहिले प्रतिगमनका एजेन्डासँग उपल्लो तहका कर्मचारीतन्त्रको लय मिलेको छ । उपल्लो तहका कर्मचारीतन्त्र पनि संघीयता रुचाउँदैन । अघोषित गठबन्धन छ, उपल्लो तहका कर्मचारी र प्रतिगमनका पक्षपोषकहरूको । एकाथरी छन्, गणतन्त्रको निसाना बनाएर चारै खम्बा (संघीयता, गणतन्त्र, समावेशिता र धर्मनिरपेक्षता) मास्न चाहन्छन् । केही छन्, संघीयतालाई निसाना बनाएर ती चारै खम्बा मास्न चाहन्छन् । जबकि, यो राज्य व्यवस्थाको जग नै यी चार खम्बामा आधारित हो ।

**राज्य र जनताको सम्बन्ध** वास्तवमा केन्द्रीकृत राज्य व्यवस्थामा राज्य र जनताको सम्बन्ध सुमधुर हुन सक्दै सक्दैन । राज्य धेरै टाढा हुन्छ । नागरिकहरूको आवाज राज्यसम्म आई नै पुग्दैन । केन्द्रीकृत राज्य व्यवस्था भन्नुको अर्थ जनताले राज्य खोज्दै हिँड्नुपर्छ । बहुसंख्यक जनताले, सीमान्तकृत समुदायले राज्य फेला नै पार्दैन । यही तथ्यलाई आत्मसात् गरेर संघीयताको सैद्धान्तिक जग निर्माण भएको हो । भन्न खोजिएको कुरा के हो भने, संघीयता मात्रै यस्तो राज्य व्यवस्था हो जसले जनता खोज्दै हिँड्छ । राज्यले जनता खोजी गर्ने प्रणालीका रूपमा विकास गर्न खोजिएको हो, संघीयता । राज्य र जनताको सम्बन्धमा अवश्य पनि खर्च हुन्छ । केन्द्रीकृत राज्य व्यवस्थामा राज्य खोज्न जनताको खर्च हुन्छ । हिजो सामान्यतया बीउबिजन लिन जिल्लाको कृषि कार्यालयमा आउनुपर्थ्यो । जिल्ला सदरमुकाममा आउँदा-जाँदा बसदेखि खाजासम्म नागरिकको खर्च हुन्थ्यो । सामान्य बिरामी हुँदासमेत जिल्ला अस्पतालमा आउनुपर्थ्यो, जनताकै पैसा खर्च हुन्थ्यो । शिक्षकहरू तलब लिन जिल्ला सदरमुकाम आउनुपर्थ्यो, जनताकै पैसा खर्च हुन्थ्यो । नेपालभरि त्यस्तो खर्च कति हुन्थ्यो ? कहीं लेखाजोखा छैन । नागरिकको व्यक्तिगत खर्च हुन्थ्यो । खर्च विवरण संगठित थिएन, तथ्यांक छैन, पूरै अनौपचारिक हुन्थ्यो । अहिले राज्यलाई नागरिकको आँगनमा लैजाँदा अलिकति बढी खर्च भएको जस्तो देखिएको छ । तर

बाँकी तेश्रो पृष्ठमा⇨

# अन्तर्राष्ट्रिय समाचार

## बेल्जियमले पनि प्यालेस्टाइनलाई स्वतन्त्र राष्ट्रको मान्यता दिने

*काठमाडौँ, १७ भदौ ।*

बेल्जियमले प्यालेस्टाइनलाई स्वतन्त्र राष्ट्रको मान्यता दिने घोषणा गरेको छ । बेल्जियमले सेप्टेम्बरमा हुने संयुक्त राष्ट्रसंघको महासभामा प्यालेस्टाइनलाई राष्ट्रको मान्यता दिने बताएको हो । बेल्जियमका परराष्ट्रमन्त्री तथा उपप्रधानमन्त्री म्याक्सिम प्रेभोले प्यालेस्टाइनलाई औपचारिक रूपमा मान्यता दिने घोषणा गरेका हुन् । परराष्ट्र तथा उपप्रधानमन्त्री प्रेभोले सामाजिक सञ्जाल एक्समा लेखेका छन्,' प्यालेस्टाइनलाई बेल्जियमले संयुक्त राष्ट्र संघको सत्रमा मान्यता दिनेछ ।' प्रेभोले यो निर्णय 'गाजामा भइरहेको मानवीय त्रासदी' का कारण गरेको जनाएका छन् ।'यो मान्यता औपचारिक रूपमा त्यतिबेला मात्र लागू हुनेछ जब गाजाबाट अन्तिम बन्धक मुक्त हुनेछन् र हमासले अब प्यालेस्टाइनको व्यवस्थापनमा कुनै भूमिका खेल्ने छैन,'उनले लेखेका छन् । यसअघि बेलायतले प्यालेस्टाइनलाई स्वतन्त्र राष्ट्रको मान्यता दिने बताइसकेको छ । बेलायती प्रधानमन्त्री किअर स्टार्मरले आगामी सेप्टेम्बरमा




संयुक्त राष्ट्र संघको महासभामा प्यालेस्टाइनलाई स्वतन्त्र राष्ट्रको मान्यता दिने घोषणा गरेका हुन् । केही समयअघि फ्रान्सका राष्ट्रपति इम्मानुएल म्यांक्रोले समेत यसै वर्षको सेप्टेम्बरमा औपचारिक रूपमा प्यालेस्टाइनलाई स्वतन्त्र मुलुकको मान्यता दिने बताएका थिए । वर्ल्ड पपुलेसन रिभ्युको तथ्यांकअनुसार विश्वका करिब १४० मुलुकले प्यालेस्टाइनलाई स्वतन्त्र मुलुकको मान्यता दिएका छन् । अरब समूहका सबै देश, इस्लामिक कोअपरेसन अगर्नाइजेसन र असंलग्न आन्दोलन पक्षधर मुलुकहरूले प्यालेस्टाइनलाई स्वतन्त्र राज्यका रूपमा स्वीकारेका छन् । गत वर्ष मात्र आयरल्यान्ड, नर्वे र स्पेनले प्यालेस्टाइनलाई स्वतन्त्र राष्ट्रको मान्यता दिने घोषणा गरेका थिए ।

अधिकांश पश्चिमा र युरोपेली मुलुकहरूले भने प्यालेस्टाइनलाई स्वतन्त्र मुलुकको दर्जा दिएका छैनन् । अमेरिका, बेलायत, फ्रान्स, जर्मनी र अस्ट्रेलियाजस्ता शक्तिराष्ट्रहरूले शान्ति वार्तामार्फत नै मध्यपूर्वको समाधान हुने बताए पनि तत्परता भने देखाएका छैनन् ।

## गाजामा इजरायली आक्रमणमा १३ जनाको मृत्यु

*काठमाडौँ, १७ भदौ ।*

गाजाको नागरिक सुरक्षा एजेन्सीले मङ्गलबार राति अपार्टमेन्ट र आवासीय भवनमा इजरायली आक्रमणमा परी १३ जनाको मृत्यु भएको जनाएको छ । प्रवक्ता महमुद बासलले भने, "इजरायली लडाकू विमानहरूले दक्षिणपश्चिम गाजा सहरको आवासीय भवनको माथिल्लो तलामा आक्रमण गर्दा १० जनाको ज्यान गएको छ ।"उनका अनुसार इजरायली हेलिकप्टरहरूले सहरको पश्चिममा रहेको अपार्टमेन्टमा पनि आक्रमण गरेको र त्यहाँ तीन जनाको मृत्यु भएको छ भने अन्य धेरै घाइते भएका छन् । इजरायली सेनाले प्यालेस्टिनी क्षेत्रको सबैभन्दा ठूलो सहरी केन्द्र गाजा सहर कब्जा गर्ने तयारी गर्दै आक्रमण तीव्र बनाएको छ र निकासीको चेतावनी दिएको छ । संयुक्त राष्ट्रसङ्घको



अनुमानअनुसार गाजा सहर र वरपर करिब १० लाख मानिस बस्छन्, जहाँ अनिकाल घोषणा गरिएको छ । एएफपीका तथ्याङ्कअनुसार हमासले सन् २०२३ अक्टोबरमा इजरायलमा गरेको आक्रमणमा अधिकांश सर्वसाधारण गरी एक हजार दुई सय १९ जनाको मृत्यु भएको थियो । हमासद्वारा सञ्चालित गाजाको स्वास्थ्य मन्त्रालयको तथ्याङ्कअनुसार इजरायली जवाफी आक्रमणमा अधिकांश सर्वसाधारण गरी कम्तीमा ६३ हजार पाँच सय ५७ प्यालेस्टिनीको ज्यान गएको छ । हमासद्वारा सञ्चालित गाजाको स्वास्थ्य मन्त्रालयको तथ्याङ्कलाई संयुक्त राष्ट्रसङ्घले भरपर्दो ठानेको छ ।

## भूकम्पमा प्रभावित भएकामध्ये पाकिस्तानबाट जबरजस्ती निकालिएकाहरु पनि परेको अफगानी मिडियाको दाबी

*काठमाडौँ, १७ भदौ ।*

अफगानिस्तानका सञ्चार माध्यमका अनुसार कुनार प्रान्तमा सोमबार आएको भूकम्पबाट प्रभावितमध्ये केही हालै पाकिस्तानबाट जबरजस्ती निकालिएकाहरु पनि छन् ।
कुनार प्रान्तको स्थानीय मिडिया आउटलेट टोलो न्यूजका अनुसार पाकिस्तानले आफ्नो देशबाट निकालिएका अफगानीहरु पनि उक्त भूकम्पबाट प्रभावित बनेका हुन् । संयुक्त राष्ट्र संघका अनुसार बिना कागजात आउने अफगानी शरणार्थीलाई पाकिस्तानले आफ्नो देशबाट लखेट्ने कारबाही तीव्र बनाएको थियो । गत मार्चमा ह्युमन राइट्स वाचले पाकिस्तानी अधिकारीहरुद्वारा अफगानी शरणार्थीलाई जबरजस्ती फिर्ता जान दबाब बनाएको दाबी गरेको थियो । तालिबानीको उत्पीडन र आर्थिक संकटका बीच भागेर पाकिस्तान आएका उनीहरुलाई जबरजस्ती फिर्ता पठाउनु उनीहरुको ज्यानमाथि खतरा रहेको राष्ट्र संघको दाबी छ ।यूएनको शरणार्थी एजेन्सीका अनुसार ३५ लाखभन्दा धेरै अफगानिस्तानी शरणार्थीका रुपमा पाकिस्तानमा बसिरहेका छन् । पाकिस्तानले दशकौंसम्म चलेको युद्धका क्रममा अफगानी शरणार्थीलाई आफ्नो देशमा बस्न दिएको थियो ।

## हृदयाघात हो कि......

घट्ने, प्रेसर घट्नेलगायत अरू थुप्रै औषधि पनि निरन्तर खाइराख्नुपर्छ । यस्तै अरू विभिन्न प्रकारका उपचार पद्धति, नयाँ आविष्कार, हुन सक्ने जोखिम न्यूनीकरण आदि विषयमा इन्डोनेसियामा गहन छलफल भए । विकसित राष्ट्रहरूमा उपलब्ध उपकरण तथा पद्धति हाम्रो देशमा अझै आइपुगिसकेका छैनन् । हाम्रो आर्थिक अवस्थाले पनि ती ल्याउन सकेका छैनौं होला । हामीकहाँ स्वास्थ्य क्षेत्रमा खर्च गर्ने क्षमता पनि अझै न्यून नै छ । तथापि, सीप र ज्ञान भएका दक्ष चिकित्सकले आफ्नो लगनले कार्य गरिराखेकाले हामीकहाँ पनि मुटु स्वास्थ्यमा उल्लेखनीय स्तरीयता भने कायम भएको छ ।साभार ईकान्तिपुर ।

## संघीयताको अर्थराज..........

नागरिकले पाएको सुविधाको मूल्य कति हो ? गाउँगाउँमा खोलिएको बर्थिङ सेन्टरहरू, जो स्थानीय सरकारको पहलमा खुलेका छन्, त्यसकै कारण सुत्केरी हुन नसकेका महिलाको मृत्यु कम भएको छ । त्यसको मूल्य कति हो ? बागमती, मधेश प्रदेशले विद्यालयमा नर्सहरू राखेर किशोरीहरूको काउन्सिलिङ गरिरहेका छन् र भविष्यको गोरेटो कोर्न मद्दत गरिरहेका छन्, यसको मूल्य कति हो ? राज्य सञ्चालनमा खर्च हुन्छ । त्यो कसले गर्ने भन्ने प्रश्न मुख्य हो । हिजो गाउँमा पैसा पुगेकै थिएन, गाउँमा पैसा नपुग्नु भनेको माथि ठूलाबडाहरूको नियन्त्रण हुनु हो । आज स्थानीय सरकारकामा २८ प्रतिशत रकम पुगेको छ । तर यो अति कम हो, तैपनि माथिकाहरूलाई २८ प्रतिशत गुमाउनुपरेकामा ज्वरो आएको छ । संघीताको विरोध वित्तीय व्यवस्थापन र नियन्त्रणसँग जोडिएको छ ।गाउँका मानिसहरूको पहुँचमा पैसा पुग्यो, यो माथिका लागि मिल्दै नमिल्ने कुरा भएको छ । केन्द्रीकृत राज्य व्यवस्थामा जनताले खर्च गर्छन्, त्यो कतै देखिँदैन । अहिले नागरिकको सजिलोका लागि राज्यले खर्च गरिरहेको छ, त्यो देखिन्छ । राज्य व्यवस्थालाई आर्थिक तराजुमा मात्रै जोखिनु हुँदैन । यसका सामाजिक र सांस्कृतिक पक्षहरू छन्, त्यसलाई लुकाइएको छ । साभार ईकान्तिपुर ।

## बीरगन्जमा खानेपानी....

हो । खातुन आशोक राई नेतृत्वको जनता समाजवादी पार्टी (जसपा)की केन्द्रिय सदस्य हुन् । उनी पोखरिया नगरपालिकाकी पूर्वउपप्रमुख हुन् । अहिले यो घटनाले जनस्वास्थ्य, नागरिकको अभिव्यक्ति स्वतन्त्रता र जनप्रतिनिधिको जिम्मेवारीबारे व्यापक बहस सिर्जना गरेको छ । एकातर्फ जनताले आफ्नो समस्याबारे प्रश्न गर्दा कानूनी झमेलामा पर्ने अवस्था आएको छ भने अर्कोतर्फ मन्त्रीका समर्थकले उनको बचावमा प्रदर्शन गरिरहेका छन् ।

## माइती नेपाल.................

कार्यक्रममा पर्साका प्रहरी उपरीक्षक गौतम मिश्र, प्रमुख जिल्ला अधिकारी तोयनारायण सुवेदी लगायतकाले मानव बेचबिखन नियन्त्रण जस्तो पवित्र कार्यमा माइती नेपाल वीरगन्ज शाखाको सक्रियता र योगदान प्रशंसनीय रहेको बताउँदै यो कार्यमा सहकार्य र हातेमालोको प्रतिबद्धता जनाएका थिए ।

## बीरगञ्ज हैजा.........

सुनाउँछन् । स्वास्थ्य मन्त्रालयले हैजा सङ्क्रमण भई अस्पतालमा भर्ना हुने दर कम भएको जनाए पनि वीरगञ्जमा नयाँ बिरामी पुष्टि हुने क्रम रोकिएको छैन, जसका कारण हैजा सङ्क्रमण कुनै पनि समयमा तीव्र हुनसक्ने जोखिम रहेको जनस्वास्थ्यविद् बताउँछन् । मधेस प्रदेशमा पछिल्लो २४ घण्टामा हैजाका ४६ जना नयाँ सङ्क्रमित फेला परेका छन् ।

हालसम्म ८९६ जनामा झाडापखाला पुष्टि भएको छ, जसमा ७९३ जना निको भइसकेका छन् । सक्रिय सङ्क्रमितको संख्या १०३ मा झरेको छ । हैजा प्रकोप फैलिएपछि भदौ ९ गते स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप पौडेल र खानेपानीमन्त्री प्रदीप यादवले प्रभावित क्षेत्रको स्थलगत अनुगमन गरेका थिए ।

# स्वास्थ्य

## प्रदूषित वायुले गर्भको शिशुलाई गम्भीर असर




वायु प्रदूषण, विशेष गरी सहरी क्षेत्रहरूमा, स्वास्थ्यका लागि गम्भीर चुनौती बनेको छ । काठमाडौं जस्ता शहरमा प्रदूषणको मात्रा बढ्दै जाँदा, यसले गर्भवती महिलाहरू र उनीहरूको गर्भमा रहेका बच्चाको स्वास्थ्यमा पार्ने प्रभावबारे चिन्ता बढ्दै गएको छ । विभिन्न अनुसन्धानहरूले वायु प्रदूषणले गर्भावस्था र बच्चाको विकासमा गम्भीर असर पार्ने देखाएका छन् । बेलायतको एबरडीन विश्वविद्यालय र बेल्जियमको ह्यासेल्ट विश्वविद्यालयका वैज्ञानिकहरूले गर्भावस्थाको समयमा वायु प्रदूषणमा पाइने ब्ल्याक कार्बन कणहरूले साललाई पार गरेर भ्रूणको रक्तसञ्चार प्रणालीमा प्रवेश गर्न सक्ने प्रमाण फेला पारेका छन् । यो जानकारी द ल्यान्सेट प्लानेटरी हेल्थ जर्नलमा प्रकाशित गरिएको छ । जर्नलमा उल्लेख गरिएको अनुसन्धानका अनुसार, गर्भावस्थाको पहिलो र दोस्रो त्रैमासिकमा जब ब्ल्याक कार्बन भ्रूणको रक्तसञ्चार प्रणालीमा प्रवेश गर्छ, यसले भ्रूणको फोक्सो, मस्तिष्क, प्रजनन क्षमता आदिलाई पनि असर गर्न सक्छ । एबरडीन विश्वविद्यालयका प्रोफेसर पॉल फाउलरका अनुसार, यसभन्दा पनि चिन्ताजनक कुरा भने यी ब्ल्याक कार्बन कणहरू विकासशील मानव मस्तिष्कमा पनि प्रवेश गर्छन्, जुन खतरनाक हुन्छ । वायु प्रदूषणमा विभिन्न रासायनिक पदार्थहरू, ग्यासहरू र कणहरू जस्तै पिएम २.५ समावेश हुन्छन् । यी प्रदूषकहरू फोक्सो हुँदै रगतमा प्रवेश गर्छन् र प्रजनन प्रणालीमा असर पुऱ्याउँछन् । अनुसन्धानहरूले देखाएका छन् कि, यी प्रदूषकहरूले हर्मोनल सन्तुलनमा गडबडी ल्याउँछ, जसले गर्भावस्थामा विभिन्न जटिलताहरू निम्त्याउने छाती रोग तथा सघन उपचार विशेषज्ञ डा. राजु पंगेनी बताउँछन् ।

**प्रदूषणका स्रोत र जोखिमहरू**

वायु प्रदूषणमा विभिन्न रासायनिक पदार्थहरू, ग्यासहरू र कणहरू जस्तै पिएम २.५ समावेश हुने पंगेनीले बताए । 'यी प्रदूषकहरू बाहिरी वातावरणमा मात्र नभएर घरभित्र पनि हुन्छन्' पंगेनी भन्छन्, 'सवारी साधनको धूवाँ, औद्योगिक उत्सर्जन र धूलोका कणहरू बाहिरी प्रदूषणको स्रोत हो भने दाउराको चुलो, धूम्रपान र रासायनिक पदार्थहरूको प्रयोग घरभित्रको प्रदूषण हो ।'

**गर्भावस्थामा प्रदूषणको प्रभाव**

प्रदूषणका कारकले प्रजनन प्रक्रियामा महत्वपूर्ण भूमिका खेल्ने हर्मोनहरूको सन्तुलन बिगार्छन् । यसले ओभुलेसन (डिम्ब) निष्कासनमा समस्या, महिनावारीमा गडबडी र गर्भपातको जोखिम बढाउने डा. पंगेनीले बताए ।

डा. पंगेनीका अनुसार पिएम २.५ (सुक्ष्म कणको व्यास अढाई माईक्रो मिटर वा कम) भएका सुक्ष्म कणहरू र अन्य रासायनिक प्रदूषकहरूले गर्भमा रहेको बच्चाको विकासमा बाधा पुऱ्याउँछ, जसले गर्भपातको सम्भावना बढाउँछ । प्रदूषणले समयअगावै बच्चा जन्मने जोखिम बढाउँछ, जसले बच्चाको स्वास्थ्यमा दीर्घकालीन असर पनि पार्न सक्छ ।
प्रदूषणको सम्पर्कमा आएका गर्भवती महिलाहरूबाट जन्मिने बच्चाहरूको तौल कम हुने र विकास सुस्त हुने सम्भावना पनि बढ्ने पंगेनीले बताए ।

'प्रदूषणले बच्चाको अङ्गहरूको विकासमा असर पार्न सक्छ' डा.पंगेनी भन्छन्, 'जसले जन्मजात दोषहरू र दीर्घकालीन स्वास्थ्य समस्याहरू जस्तै मधुमेह र अन्य रोगहरू निम्त्याउन सक्छ ।' वायु प्रदूषणले गर्भवती महिला र गर्भमा रहेको बच्चाको स्वास्थ्यमा गम्भीर असर गर्ने बाल श्वासप्रश्वास तथा सघन रोग विशेषज्ञ डा. जगत जीवन घिमिरे बताउँछन् ।

गरिब तथा वातावरणिय कृषि विकास -दिगो विकासको आधार
**महागढीमाई नगरपालिकाको कार्यालय**
**बरियारपुर, बारा**

दैवी प्रकोपबाट बच्न सतर्कता अपनाऔं ।
कालिकामाई गाँउपालिकाको कार्यालय, पर्सा

वातावरण हामी सबैको साझा सम्पत्ति हो ।
फेटा गाँउपालिकाको कार्यालय, फेटा, बारा

निर्धारित मापदण्डको पाल्ना गरौ, नक्सा पास गरी निमार्ण कार्य गरौं ।
परवानीपुर गाँउपालिकाको कार्यालय,परवानीपुर, बारा

सडक किनारमा गाई,वस्तुको साथै घर पालुवा जानवर नबाधौ,नाद,खुटा आदी नराखौं ।
**करैयामाई गाउँपालिकाकोकार्यालय**
**करैया, बारा**

जन्म दर्ता,मृत्यु दर्ता,विवाह दर्ता,सम्बन्ध बिच्छेद एवम बसाई सराई जस्ता व्यक्तिगत घटना समयमै दर्ता गराऔं ।
**पटेर्वा सुगौली गाउँपालिकाको कार्यालय**
**पटेर्वा सुगौली, पर्सा**

# महोत्तरीको सीमा क्षेत्रमा बाँध बनाउँदै भारत

*जनकपुर,१७ भदौ ।*

नेपाली बस्ती डुबान हुनेगरी भारतीय पक्षले नदीको मुहान थुन्ने प्रक्रिया अगाडि बढाएको छ । नेपाल-भारत सिमानाअन्तर्गत महोत्तरीको सोनमा गाउँपालिका-३ रघुनाथपुर हुँदै बग्ने मरहा नदीमा भारतीय पक्षले नेपाली बस्ती र भूभाग डुबान हुने गरी बाँध बनाउने प्रक्रिया अगाडि बढाएको हो । रघुनाथपुरसँग जोडिएको भारत सीतामढी जिल्ला कन्हमा ग्राम पञ्चायत-८ भगवतीपुरस्थित मरहा नदीमा आउने बाढीको पानी थुनेर भारतीय पक्षले धान सिँचाइ गर्न दशगजा क्षेत्रमा २ किलोमिटर कुलो बनाउने प्रक्रियासमेत अगाडि बढाएको हो । नेपाली पक्षको अवरोधका बाबजुद भारत कन्हमाका सरपञ्च गिरेन्द्रकुमार सिंहको नेतृत्वमा स्थानीयहरूले डोजर, ट्याक्टर, कोदालो लिएर बाँध राख्न आउने गरेको स्थानीय बासिन्दाले बताएका छन् । नेपालबाट बगेर जाने मरहा नदी थुन्न १० फिटभन्दा अग्लो बाँध बनाएर दशगजा क्षेत्रमै कुलो बनाएर पानी कन्हमातर्फ लग्ने प्रक्रिया भारतीय पक्षले अगाडि बढाएको हो । बाँध निर्माणमा नेपाली पक्षले अवरोध गरेपछि भारतीय अधिकारीहरू सीमा क्षेत्रमा कुलो बनाउन सोमबार नापजाँच गरी फर्केका छन् ।

भारततर्फका सीओ मोनी कुमारीको नेतृत्वमा आएका कर्मचारी र सुरक्षा निकायले सोमबार मरहदा नदीमा बाँध बाँधेर पूर्वतर्फ दशगजाबाटै कुलो बनाएको र बाँध राख्ने स्थानमा नापजाँच गरेको सीमा सुरक्षाका लागि खटिएका सशस्त्र प्रहरीले जनाएको छ ।

भारततर्फका अधिकारी र स्थानीय आएर दशगजा क्षेत्रमा डोजर लगाएर बाँध बनाउन खोजेको र अन्तर्राष्ट्रिय सीमा क्षेत्रमा कुनै पनि कार्य गर्न नमिल्ने भन्दै रोक लगाएको महोत्तरीका प्रमुख जिल्ला अधिकारी नारायणप्रसाद रिसालले बताए । एक साता अगाडिदेखि नै बाँध बनाउन खोजिएको हो,' प्रजिअ रिसालले भने,'जानकारी आउनासाथ भारतीय पक्षलाई सचेत गरायौँ ।

बाँध निर्माणले नेपाली भूभाग डुबानमा पर्ने भएकोले हामीले कुनै पनि गतिविधि नगर्न भनेका छौँ ।' प्रजिअ रिसालले भारतीय पक्ष सीमा क्षेत्रमा बाँध नबनाउन सहमत भएको बताए । विगतमा भारतले सीमा क्षेत्रमा बाँध बनाउँदा सशस्त्र प्रहरीको बीओपी, रघुनाथपुर गाउँआसपासको भूभागमा बाढी बसेर क्षति गरेको थियो ।

# माइती नेपाल बीरगन्जद्वारा एक वर्षको अवधिमा १ सय ६९ को उद्धार

*बीरगन्ज,१७ भदौ ।*

मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण तथा रोकथाममा सक्रिय संस्था माइती नेपाल वीरगन्ज आवधिक गृहले गत आर्थिक वर्षमा १ सय ६९ महिला तथा बालबालिकाको उद्धार गरेको छ । गृहले मंगलबार वीरगन्जमा आयोजना गरेको सामाजिक परीक्षण कार्यक्रममा उक्त तथ्यांक सार्वजनिक गरिएको हो । गृह प्रमुख गोमा पौडेलले प्रस्तुत गरेको तथ्यांकअनुसार अघिल्लो आव २०८०/८१ मा १ सय ११ महिला तथा बालबालिकाको उद्धार भएको थियो । दुवै आर्थिक वर्षमा उद्धार गरिएकामा जिल्लास्थित नेपाल-भारत सीमा तथा भारतबाट समेत उद्धार गरी ल्याइएकाहरु तथ्यांकमा समेटिएको पौडेलले बताए । उनका अनुसार, गत आवमा उद्धार गरिएका १ सय ६९ मध्ये १६ जनालाई भारतबाट उद्धार गरी ल्याइएको हो । गृहले गत आवभरिमा हराएका १४ महिलालाई खोजी गरी पारिवारिक पुनर्मिलन गराएको थियो । गत आवमा उद्धार गरिएकाहरुमा जातिगत रुपमा सबैभन्दा बढी जनजाति ६६, ब्राम्हण/क्षेत्री ३४, दलित १९, मुस्लिम ९, नेवार १ र मधेशीसहित अन्य जातिका गरी ४० जना थिए ।

बाँकी तेश्रो पृष्ठमा⇨

# गैरसरकारी संस्था महासंघ पर्साद्वारा विधेयक २०८२ सुधारको माग

**नेपाल पोष्ट संवदाता**
*बीरगन्ज,१७ भदौ ।*



गैरसरकारी संस्था महासंघ नेपाल, जिल्ला शाखा पर्साले संघ-संस्था सम्बन्धी विधेयक २०८२ को मस्यौदा सुधारको माग गर्दै गृहमन्त्रीलाई ज्ञापनपत्र बुझाएको छ। महासंघले प्रमुख जिल्ला अधिकारी तोय नारायण सुवेदी मार्फत बुझाएको ज्ञापनपत्रमा हालै सार्वजनिक "संघ संस्था दर्ता नियमन तथा व्यवस्थापन सम्बन्धी कानुन एकीकरण विधेयक, २०८२" नागरिक समाजमैत्री नभई नियन्त्रणमुखी रहेको उल्लेख गरिएको छ।

ज्ञापनपत्रमा विधेयकले नागरिक स्वतन्त्रता, सहभागिता र पारदर्शिताका साझा मूल्यहरू कमजोर गर्ने प्रावधान रहेको दाबी गर्दै, लोकतान्त्रिक मूल्य-मान्यता र संवैधानिक अधिकार सुनिश्चित हुने गरी विधेयक पुनर्लेखन गर्न माग गरिएको छ। महासंघ पर्साका अध्यक्ष छठु साहका अनुसार, "नागरिक समाजलाई निरुत्साहित गर्ने प्रावधान सच्याउन सरकारसँग गम्भीर अपील गरेका छौं ।" ज्ञापनपत्र बुझाउन अध्यक्ष साहको नेतृत्वमा जिल्ला प्रशासन कार्यालय पुगेको टोलीमा उपाध्यक्ष नरेश जयसवाल, उपाध्यक्ष निरज साह, सचिव चन्देश चौहान, कोषाध्यक्ष मनोज यादव, साथै विभिन्न नागरिक समाजका प्रतिनिधिहरू सहभागी भएका थिए।

# सीमा विवाद वार्ताबाट समाधान गर्नुपर्छ : राजेन्द्र महतो

*जनकपुर,१७ भदौ ।*



राष्ट्रिय मुक्ति पार्टी नेपालका अध्यक्ष राजेन्द्र महतोले मित्र राष्ट्र भारतसँगको सीमा विवाद वार्ता एवं संवादबाट समाधान गर्नुपर्ने बताएका छन् । पार्टीको मोरङ कमिटीले मंगलबार विराटनगरमा आयोजना गरेको पत्रकार सम्मेलनमा बोल्दै उनले भारतसँगको सुदूरपश्चिमको सीमाको कालापानी, लिपुलेक र लिम्पियाधुरा विवाद वार्ता एवं संवादबाट समाधान गर्न सुझाव दिए ।

अध्यक्ष महतोले सरकारले मुलुकमा बसोबास गर्ने सम्पूर्ण जातजातिका भाषा, वेशभूषा, धर्म एवं संस्कृतिको संरक्षण गर्नुपर्नेमा जोड दिए । मुलुकका दलहरूले जनताको समृद्धिको चाहना पूरा गर्न एकजुट भएर लाग्नुपर्नेमा उहाँले जोड दिनुभयो । सात प्रदेशको सीमाङ्कन अवैज्ञानिक भएकाले यसमा सुधार आवश्यक रहेको धारणा अध्यक्ष महतोले राखे। उनले सङ्घीयतामा सुधार गरी आदिवासी जनजाति, मधेसी, थारुलगायतको पहिचान स्थापित गर्नुपर्नेमा जोड दिए ।

# बीरगन्ज हैजा प्रकोप : डेढ साता बित्दा पनि पत्ता लागेन स्रोत

*काठमाडौं,१७ भदौ ।*



वीरगञ्जमा हैजा सङ्क्रमण देखिएको डेढ साता बितिसकेको छ । तर हैजा कसरी सुरु भयो भन्ने हालसम्म पहिचान हुन सकेको छैन । सरकारले परीक्षणका लागि नमुना पठाएको बताए पनि डेढ सातासम्म पनि रिपोर्ट नआउनुले विभिन्न आशङ्का उब्जाएको छ । चिकित्सकका अनुसार हैजाको पुष्टि र यसको स्रोत पत्ता लगाउन विभिन्न चरणका परीक्षण आवश्यक पर्छन् । राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालाका अनुसार हैजाको शङ्का लागेका बिरामीको दिसा परीक्षण गरिन्छ । दिसा परीक्षणमा दुई विधि अपनाइन्छ, जसमा र्‍यापिड डाइग्नोस्टिक टेस्ट (आरडीटी) र कल्चर पर्छ । पहिलो आरडीटी परीक्षणको रिपोर्ट १५ देखि ३० मिनेटभित्र आउँछ । यसले सङ्क्रमण पोजेटिभ वा नेगेटिभ भएको देखाउँछ । यो एक 'किट' बाट गरिने परीक्षण हो, जसले तत्काल परिणाम दिन्छ । दोस्रो, कल्चर र एन्टिबायोटिक सेन्सिटिभिटी टेस्टिङ (एएसटी) हो । यस परीक्षणबाट सङ्क्रमण पुष्टि गर्न, ब्याक्टेरियाको पहिचान गर्न र कुन एन्टिबायोटिकले काम गर्छ भनी पत्ता लगाउन सकिन्छ । यसका लागि बिरामीको दिसाबाट प्राप्त 'भिब्रियो कोलेरी' (हैजा गराउने ब्याक्टेरिया) लाई प्रयोगशालामा विकास गराइन्छ, जसका लागि कम्तीमा ४८ घण्टा समय लाग्ने ती चिकित्सकको भनाइ छ । उनका अनुसार ब्याक्टेरिया विकास भइसकेपछि मात्र 'एन्टिबायोटिक सेन्सिटिभिटी टेस्टिङ' (एएसटी) गरिन्छ । यसले कुन एन्टिबायोटिकले ब्याक्टेरिया मर्छ भन्ने देखाउँछ र प्रभावकारी उपचारका लागि बाटो खुला गर्छ । यो 'एएसटी'को रिपोर्ट आउन थप तीन दिन जति लाग्छ । तसर्थ हैजाको पूर्ण पुष्टि र कुन एन्टिबायोटिकले काम गर्छ भन्ने जानकारी पाउन बढीमा पाँच दिनको समय लाग्छ । स्रोत पहिचानका लागि शंकास्पद स्थानबाट नमुना संकलन गरिसकेपछि दुईदेखि चार घण्टासम्ममा नतिजा आइसक्ने चिकित्सक बताउँछन् । वीरगञ्जको सवालमा हैजा कसरी फैलियो, पानीको स्रोत नै मुख्य कारक हो या अन्य कारणबाट यो सङ्क्रमण फैलिएको हो भन्नेबारे अझै प्रस्ट भइसकेको छैन । **स्रोत पहिचानमा किन ढिलो ?** सङ्क्रमित निरन्तर पुष्टि भइरहेको अवस्थाका बाबजुद लामो समयसम्म सरकारले कुन स्रोतबाट हैजा फैलिएको भन्ने पत्ता लगाउन नसक्नु लज्जाको विषय भएको जनस्वास्थ्यविज्ञ बाबुराम मरासिनी बताउँछन् । उनले भने, 'हैजाको मुख्य स्रोत खानेपानी नै हो भन्ने कुरा सामान्य व्यक्तिले पनि सहजै बुझ्न सक्छ । लामो समयसम्म पनि स्रोत पहिचान हुन नसक्नुमा सरकारी निकायको नियतमा प्रश्न उठेको छ ।' डा.मरासिनीले स्रोत पहिचान भएमा जिम्मेवार निकाय र व्यक्तिमाथि कारबाही हुने डरले सरकारले जानीजानी लुकाएको हुनसक्ने आरोप लगाए । पानीको नमूना परीक्षण गरी हैजाको जीवाणु पत्ता लगाउन दुई घण्टामात्र लाग्ने उनको भनाइ छ । हैजा अन्तरर्राष्ट्रियस्तरमा 'पब्लिक हेल्थ इभेन्ट अफ इन्टरनेशनल कन्सर्न' अर्थात् रिपोर्ट गर्नुपर्ने रोग हो, जसका कारण हैजाको स्रोत पहिचान भए पनि सम्बन्धित निकायले लुकाएको हुन सक्ने मन्त्रालयकै अधिकारी बताउँछन् । अर्थात् सरकारले विश्व स्वास्थ्य संगठनलाई हैजाको सम्बन्धमा जानकारी गराउनुपर्ने भएकैले रिपोर्ट सार्वजनिकमा आलटाल गरेको हुन सक्ने ती अधिकारी बताउँछन् । ती स्वास्थ्य कर्मचारीले वीरगञ्जका घर-घरमा जम्मा गरी राखिएको पानीका कतिपय नमुनामा हैजाका जीवाणु भेटिएको सुनाए । राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालाका एक चिकित्सकका अनुसार कहाँको पानीबाट हैजाको फैलिएको हो भनेर परीक्षण गर्न धेरै समय लाग्दैन । बिरामीको घरको खानेपानी (धाराको पानी, चापाकलको पानी, ड्रममा राखिएको पानी, ट्याङ्करबाट आएको पानी) को परीक्षण गरेर सहजै स्रोत पत्ता लाग्ने उनको दाबी छ । खानेपानीको परीक्षण दुईदेखि चार घण्टाभित्र सकिने उनले बताए ।

ती चिकित्सकका अनुसार बिरामीले खाएका खानेकुराहरू (बासी, होटलबाट ल्याएको वा अन्यत्रबाट ल्याएको) परीक्षण गरिन्छ । सेरोटाइपिङले सङ्क्रमण फैलाउने ब्याक्टेरियाको प्रजाति पत्ता लगाउँछ । यो ब्याक्टेरिया नेपालमै पहिलेदेखि भएको वा बाहिरबाट आएको हो भन्ने यसबाट खुल्ने उनले बताए । यस्तै, पखाला लागेको व्यक्तिको कपडा वा व्यक्तिगत सरसफाइमा कमीले पनि हैजा सर्नसक्ने भएकाले यस्ता पक्षमा पनि अनुसन्धान गरिने ती चिकित्सकले बताए । हैजाको बिरामीको दिसामा ब्याक्टेरियाको मात्रा धेरै हुने र बिरामीको उठबस, सम्पर्कबाट पनि यो फैलिन सक्ने उनको भनाइ छ । **मन्त्रालय भन्छ- हैजाको स्रोत खोज्दैछौं** स्वास्थ्य मन्त्रालयका प्रवक्ता डाक्टर प्रकाश बुढाथोकीले प्रकोप फैलिएपछि पानीमा क्लोरिन हालेर शुद्धीकरण गर्ने कार्य भएको र अहिले पुरानो भण्डारणमा रहेको पानीको स्वच्छता परीक्षण भइरहेको बताए । प्रकोपको कारक पत्ता लगाउन पानीको मुख्य तीन वटा स्रोतमाथि अनुसन्धान भइरहेको उनको भनाइ छ । हैजाको मुख्य कारण प्रदूषित पानी नै भए पनि खासगरी बोरिङ र ढलको सम्बन्धबारे आशङ्का निवारण गर्न खानेपानी मन्त्रालयसहित ६-७ वटा विभिन्न प्रयोगशालामा पानीका नमुनाको परीक्षण भइरहेको प्रवक्ता बुढाथोकीले बताए । यसको प्रतिवेदन आएपछि थप स्पष्ट हुने उनको भनाइ छ । प्रकोप फैलिएपछि पानीमा क्लोरिन हालेर शुद्धीकरण गरिएकाले धाराको पानीमा हैजाको स्रोत तत्काल पुष्टि नभएको उनले बताए । सुक्खाग्रस्त क्षेत्र घोषणा लगत्तै विभिन्न तहका सरकारले आफूखुसी गाडेका बोरिङका पाइप ढलसँग जोडिएको हुन सक्ने आशङ्का पनि प्रवक्ता बुढाथोकीले व्यक्त गरे । यस्तै ट्याङ्करहरूले ठुला सिमेन्टका ट्याङ्कीमा पानी भरेर टोलटोलमा वितरण गर्ने गरेको पाइएकाले यसको स्रोत र वितरण प्रक्रियाको शुद्धतामाथि पनि प्रश्न उठेकाले यसबारे पनि जाँच भइरहेको उनले जानकारी दिए । **सरुवा रोग ऐन आवश्यक** देशमा सरुवा रोग ऐन तत्काल निर्माण गरी स्वास्थ्य सुरक्षालाई बलियो बनाउनुपर्ने माग पनि उठेको छ । यसले भविष्यमा आउन सक्ने यस्ता महामारीको प्रभावकारी रोकथाम र नियन्त्रणमा महत्त्वपूर्ण भूमिका खेल्ने डा.मरासिनी बताउँछन् । यदि सरुवा रोग ऐन बनेको भए पानीमा अनिवार्य क्लोरिन हाल्नुपर्ने, क्लोरिन नराखी पानी आपूर्ति गर्ने कार्यालय प्रमुखलाई कारबाहीका लागि स्पष्ट कानुनी प्रावधान हुने उनको भनाइ छ । यसले जिम्मेवारी निर्धारण गरी उत्तरदायित्व बढाउने उनले प्रस्ट पारे । ऐनले पानी, दुध, सरसफाइ लगायतका सबै पक्ष समेट्नुपर्ने हुन्छ । हैजा सङ्क्रमित बिरामीलाई कसरी व्यवस्थापन गर्ने, विदेशबाट जहाज वा अन्य माध्यमबाट सङ्क्रमित आएमा उनीहरूलाई कहाँ राख्ने, कसरी क्वारेन्टाइनमा राख्नेजस्ता विषयमा स्पष्ट कानुनी प्रावधान नहुँदा कतिपय सङ्क्रमितकै माध्यमबाट गाउँघरमा रोग फैलिने उनको भनाइ छ । हैजा सङ्क्रमण नियन्त्रणमा नआएकै कारण वीरगञ्ज र आसपासका शिक्षण संस्था एक सातादेखि बन्द छन् । यसै साताको सुरुवातमा प्रकोप क्षेत्रमा पुगेका गृहमन्त्री रमेश लेखकले केन्द्रबाट विज्ञहरूको टोली खटाएर सङ्क्रमणको स्रोत यकिन गर्ने बताएका थिए । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका प्रवक्ता डा.प्रकाश बुढाथोकीले प्रकोप क्षेत्रमा स्वास्थ्य मन्त्रालयका स्वास्थ्यकर्मी, विश्वस्वस्थ्य संगठन(डब्ल्यूएचओ) का प्रतिनिधी, युनिसेफ, प्रादेशिक स्वास्थ्य निर्देशनालय, जिल्ला स्वास्थ्य कार्यालय र वीरगञ्ज महानगरपालिका झाडापखाला नियन्त्रण, रोकथाम र स्रोत पहिचानमा निरन्तर जुटेको

बाँकी तेश्रो पृष्ठमा⇨


जन्म दर्ता,मृत्यु दर्ता,विवाह दर्ता,सम्बन्ध बिच्छेद एवम बसाई सराई जस्ता व्यक्तिगत घटना समयमै दर्ता गराऔं ।
पकहामैनपुर गाउँपालिकाको कार्यालय, पर्सा

पर्यटकिय स्थलको संरक्षण र प्रचार-प्रसार गरौं,नगरको विकासमा जुटौं ।
ठोरी गाँउपालिकाको कार्यालय, ठोरी, पर्सा

शौचालय निमार्ण गरी गाँउलाई खुल्ला दिशा मुक्त बनाऔं ।
विन्दवासिनी गाँउपालिकाको कार्यालय, विन्दवासिनी, पर्सा

निर्धारित मापदण्डको पालना गरौं,ग्रामिण विकासको भियानमा सघाऔं ।
जिराभवानी गाँउपालिकाको कार्यालय,जिराभवानी ,पर्सा

दैवी प्रकोपबाट बच्न सतर्कता अपनाऔं ।
सखुवाप्रसौनी गाँउपालिकाको कार्यालय, सखुवाप्रसौन, पर्सा

घरबाट निस्केको फोहोर डस्बिनमा हालौं, सभ्यताको परिचय दिऔं ।
छिपहरमाई गाउँपालिकाको कार्यालय,भिस्वा, पर्सा